# आ.ब.२०८०।०८१ को तेश्रो चौमासिक अबधि (चैत्र-असार) मा गरिएको सेवा प्रवाह, पारित नीति, आयोजना, कार्यक्रम एबं बजेट बिनियोजन र खर्च सम्बन्धी चौमासिक समीक्षा कार्यक्रम

२०८१ असार ३० गते

# तेश्रो चौमासिक समीक्षा प्रतिबेदन

पेश गर्ने
रमेशचन्द्र जोशी
सामाजिक बिकास अधिकृत
दिपायल सिलगढी नगरपालिका
दिपायल सिलगढी नगरकार्यपालिका

# आ.व.२०८०/२०८१ को तेश्रो चौमासिक -चैत्र-आषाढ) अबधीको समिक्षाको प्रतिबेदन:२०८१ आषाढ ३० गते

## १.परिचय (Introduction)

यस दिपायल सिलगढी नगरपालिकाले आर्थिक बर्ष २०८०।०८१ मा पारित नीति, स्विकृत गरेको बजेट एवं कार्यक्रम र आयोजना सम्बन्धी दोश्रो चौमासिक अबधि तथा आ.ब.०८०।०८१ को मंशिर देखि फाल्गुण सम्मको प्रगति एवं गतिबिधिहरुको जानकारी नगर प्रमूख, उपप्रमूख लगायत नगर कार्यपालिका सदस्यहरु बीचमा राखि छलफल गर्न प्राप्त सुझाव तथा सल्लाह बमोजिम गत आ.ब.को तेश्रो चौमासिक अबधी सम्ममा नगरपालिकाले वडा कार्यालय तथा बिषयगत शाखा मार्फत गरिएका कार्यको समीक्षा गरी सुशासन कायम गर्ने उद्देश्यले चौमासिक समिक्षा कार्यक्रमको आयोजना गरिएको हो । प्रत्येक वर्षको हरेक चौमासिकमा नगरकार्यपालिका कार्यालयले सम्पादन गरेका कार्यको जानकारी नगरपालिकाले सरोकारवालाहरु बिषेश गरी पदाधिकारी तथा कर्मचारीलाई आमन्त्रित गरी उपलब्ध गराउदै आए झैं यस वर्ष पनि सो कार्यलाई नियमितता गरिएको छ । बेला बेलामा गरिने समीक्षा कार्यक्रमले नगरको अवस्था झल्काई आगामी दिनका लागि सुशासनलाई मजबुत बनाउन, समयमा कार्य सम्पन्न गर्ने, नीति अनुसारका कार्यक्रमको तालमेल मिलाउने लक्ष्य निर्धारण गरी कार्यक्रम सम्पन्न गर्ने, सेवा प्रवाहको अबस्थालाई मजबुत बनाउने, काम गर्ने क्रममा आएका समस्याहरुको सहि किसिमले निराकरण गर्ने तथा समुदायको माग र भावी कार्यदिशा को बोध गरी सुशासन कायम गर्न तथा पारदर्शिताको एक आयामका रुपमा यस समीक्षा कार्यक्रमलाई लिन सकिन्छ ।

नगरपालिकाकाले बिभिन्न आर्थिक वर्षमा स्वीकृत योजना तथा वर्षको आय ब्ययको जानकारी विभिन्न संचार माध्यम रेडियो पत्रपत्रिका मार्फत जानकारी गराउदै आएपनि यो कार्यक्रमा प्रत्यक्ष रुपमा बिषयगत र वडागत प्रस्तूति गरिने भएकाले दोहोरो छलफलका माध्यमबाट आगामी दिनका लागि थप सुझाव प्राप्त गर्न प्रभावकारी बन्दै जाने आशा गर्न सकिन्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ को उपदफा २ तथा दफा ७८ अनुसारको क्रियाकलाप सम्पन्न गरी कानुनी जिम्मेवारीलाई पनि पुरा गर्न समीक्षा कार्यक्रम आयोजना जरुरी रहेको छ ।

सुदूर पश्चिम प्रदेश अर्न्तगत डोटी जिल्लाको केन्द्रबिन्दुमा रहेको दिपायल सिलगढी नगरपालिकाको आफनै ऐतिहासिक महत्व रहेको छ ।। नगर क्षेत्रको कुल क्षेत्रफल १२६.६२ वर्ग कि.मि. हेक्टर छ । रहेको यस नगरपालिकामा ३३९६८ जनसंख्या रहेकोछ । दिपायल सिलगढी नगरपालिकाले आ.ब.२०८०।०८१ मा को कूल प्रस्ताबित बिनियोजन रु.६६,६०,३९,९००।०० मा फाल्गुण मसान्त सम्मको बास्तबिक आय रु.६१,८१,७०,४४१।०० मा कूल खर्च रु.५२,५७,४३,२६७।०० अर्थात कूल बिनियोजनको **७८.९३** प्रतिशत रहेको छ । नगरपालिकाको कुल जनसंख्या ३३९६८ लाई कूल खर्चमा बिभाजन गर्दा दोश्रो चौमासिक सम्ममा खर्च प्रति ब्यक्ति रु.१५४७७ खर्च गरिएको । पूंजीगत खर्चमा रु.२१,६५,५०,०००।०० कूल बिनियोजनमा रु.१५,५४,७४,६५४।०० अर्थात ७१.८ प्रतिशत मात्र खर्च प्रगति भएको छ भने चालू तर्फको कूल बिनियोजन रु.४४,९४,८८,९००।०० मा ३७,०२,६८,६१३।०० मध्ये ८२.३८ प्रतिशत खर्च भएको छ । आन्तरिक स्रोत तर्फ रु.६,९९,२६,९००।०० मा ६,५१,८२,२३५।०० बास्तबिक आय भई ९३.२१ प्रतिशत रहेको छ भने कुल खर्च ७८.९३ प्रतिशत खर्च भएको छ ।

**२. कार्यक्रमको उद्देश्य:** नगरपालिकाका सबै बिषयगत शाखा र सबै वडाहरुको आ.ब.२०८०।०८१ को तेश्रो चौमासिक अबधीमा बिनियोजन गरेको बजेट खर्च र गरिएको प्रगति सम्बन्धी छूट्टा छुट्टै प्रतिबेदन प्रस्तुत गरी सुझाव प्राप्त गर्ने प्रयोजन तथा उद्देश्य यस कार्यक्रमको रहेको छ ।

**३. कार्यक्रममा सहभागीहरु:** कार्यक्रममा बिषयगत शाखा एबं इकाइहरुमा योजना तथा प्राबिधिक शाखा, सामाजिक बिकास शाखा, प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, महिला तथा बालबालिका शाखा, शिक्षा तथा खेलकुद शाखा कृषि, पशु, स्वास्थ्य, , जिन्सी पन्जीकरण, सामाजिक बिकास शाखा, रोजगार शाखा लगायत वडा नं.१ देखि ९ सम्म सबैको सहभागिता सहित नगर प्रमुख, उपप्रमुखज्यु, प्रमुख प्रशासकीय अधिकृतज्यु, वडा अध्यक्ष, वडा सचिव एबं अन्य कर्मचारी र पदाधिकारी सहित ५० भन्दा बढीजनाको उपस्थिति रहेको थियो ।

**४. समीक्षा कार्यक्रमको खाका:** कार्यक्रमलाई निम्नानुसारको खाका सञ्चालन गरिएको थियो ।

अध्यक्षता: नगर प्रमुखज्यू
आसन ग्रहण: नगरउप प्रमुखज्यू
आसन ग्रहण: प्रमुख प्रशासकीय अधिकृतज्यू
आसन ग्रहण: वडा अध्यक्षज्यूहरु
आसन ग्रहण: कार्यपालिका सबै सदस्यज्यूहरु
आसन ग्रहण: प्रशासकीय अधिकतज्यू
आसन ग्रहण: बिषयगत शाखा प्रमूखज्यूहरु
आसन ग्रहण: वडा सचिवज्यूहरु
आसन ग्रहण: उपस्थित सबै
कार्यक्रम उद्घाटन: ब्यानर पढेर नगर प्रमूख श्री बाजि सिंह खड्का (बिजय)ज्यूबाट
स्वागत मन्तब्य: नगर उपप्रमूखज्यूबाट
उद्देश्यमाथि प्रकाश: प्रमुख प्रशासकीय अधिकृतज्यूबाट
शाखा तथा वडात प्रस्तुती
प्रस्तुति उपर टिप्पणी तथा सूझाव
मन्तब्य प्रमूख प्रशासकीय अधिकृत एबं उपप्रमूखज्यू
धन्यबाद एबं सुझाव सहित समापन

**५. दिपायल सिलगढी नगरपालिकाको सोच : "नगरक्षेत्रमा स्वास्थ्य, शिक्षा, कृषि, पशूपालन, पुर्वाधार बिकास, जडिबूटी, जलस्रोत र पर्यटकीय क्षेत्रको उचित ब्यबस्थापन एवं बिकास गरी समृद्ध नगर बनाउने ।"**

६. दिपायल सिलगढी नगरपालिकाको लक्ष्य

- सबै कृषि योग्य जमिनको उपयोग गर्ने, पशूपालनलाई ब्यबसायिक बनाउने,
- पर्यटकीय क्षेत्रको संरक्षण र ब्यबस्थापन गर्ने,
- समाबेशी बिकासमा जोड दिने,
- उद्यमशिलताको बिकास गर्ने

- भौतिक पुर्बाधारको बिकासमा स्थानीय स्रोत साधन र जनशक्तिको परिचालन गरी गरिबी घटाउने ।

**७. दिपायल सिलगढी नगरपालिकको उद्देश्य**

- कृषिमा आधुनिकीकरण तथा व्यावसायिकरण
- शिक्षा क्षेत्रमा गुणात्मक सुधार
- गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवा
- पूर्वाधार विकास
- सूचना प्रविधि तथा संचारमा विकास
- मानव संसाधन र सामाजिक विकास
- उद्यम र सहकारिताको विकास
- वन वातावरण तथा पर्यटन प्रवर्द्धन
- विपद् व्यवस्थापन
- **प्रस्तूति वडागत क्रमशः १,२,३............९**

**८.प्रस्तूति बिषयगतः** (योजना प्राबिधिक, सामाजिक बिकास, महिला बालबालिका, शिक्षा, कृषि, पशु, स्वास्थ्य, आयूर्बेद, आर्थिक प्रशासन, मेडपा कार्यक्रम, रोजगार शाखा, प्रशासन तथा तथा सामाजिक सुरक्षा, बन तथा बाताबरण) सबै शाखा तथा वडा कार्यालय एबं न्यायिक समितिको सचिवालयबाट समेत प्रस्तुती गर्ने कार्यक्रम रहेको थियो तथापि केही शाखाबाट कार्यक्रममा सहभागिता रहन सकेको थिएन

**९. खुला शत्र एबं सुझाव संकलन शत्र**

यस कार्यक्रममा सबै शाखा तथा वडाबाट प्रस्तुत गरिएको थियो कार्यक्रममा टिप्पणी सहित नगर प्रमुख श्री बाजि सिंह खड्काले दिनभरी नै कार्यक्रमलाई महत्व दिई पूर्ण समय दिनु भएको थियो । कार्यपालिकाका सदस्यहरु एबं वडा अध्यक्ष सहित शाखा प्रमुखहरुबाट खुला शत्रमा टिप्पणी एबं सुझाव पेश गरीएको थियो ।

## आ.ब.२०८०।०८१ का लागि नगरपालिकाले लक्षित गरेका नीतिहरु

१. आगामी आ.व. लाई कृषि वर्षको रुपमा मनाउंदै कृषिलाई नगरको पहिलो प्राथमिकतामा राखी कृषकहरुलाई उन्नत जातका बीउ वितरण गरी नगरभित्र बांझो जमिन राख्न नदिने नीति अवलम्बन गरिनेछ। रहर र कपास खेती लगायत विभिन्न फलफूल खेतीलाई अभियानका विकास गरिनेछ। सोका लागि बीउ, र बजारीकरणको व्यवस्था गरिनेछ । कृषकले गरेको उत्पादनको बजारीकरणको ग्यारेन्टी गरिनेछ। तरकारी तथा मसाला खेती प्रवर्द्धन गरिनेछ।

२. स्थानीय स्तरमा रोजगारि अभिवृद्धि गर्न सरकारी तथा गैर सरकारी निकायहरु संगको साझेदारीमा विभिन्न किसिमका सीपमूलक तथा आयमूलक तालिम कार्यक्रम सञ्चालन गरिने छ।

३. एक वडा एक कृषि उत्पादन पकेट क्षेत्रको अवधारणालाई अगाडि बढाई कृषकहरुलाई आत्म निर्भरता तर्फ उन्मुख गराइनेछ।

४. नश्ल सुधारका लागि कृत्रिम गर्भाधानलाई विस्तार गरिने छ तथा यसका लागि पशु सेवा प्राविधिकको क्षमता विकास गरिने छ।

५. नगरका सम्भाव्य धार्मिक पर्यटकीय क्षेत्रको विकास गर्न पर्यटन प्रवर्द्धनका लागि आवश्यक पहल गरिनेछ।

६. सहकारी क्षेत्रको क्षमता अभिवृद्धि गर्दै लगिनेछ।

७.आर्थिक, सामाजिक, लैंगिक रुपमा पिछडिएका महिला, बालबालिका, दलित, अपांग, ज्येष्ठ नागरिकहरुको स्वास्थ्य सुधारमा जोड दिइनेछ।

८. युवाहरुलाई स्वरोजगारमूलक तालिम तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ।

९. दलित लगायत विभिन्न जातजातिका परम्परागत पेशागत कार्यलाई निरन्तरता दिन समयसापेक्ष सीप विकासका कार्यक्रमहरु संञ्चालन गरी प्रविधि मैत्री बनाइने छ । वादी समुदायलाई आयमूलक कार्यमा जोड्ने कार्यक्रम ल्याइनेछ।

१०. विभिन्न लक्षित वर्गहरुको क्षमता अभिवृद्धिका लागि क्षमता अभिवृद्धि सम्बन्धि कार्यहरु संञ्चालन गरिने छन्।

११. छाउपडी प्रथा न्युनिकरणका अभियानहरु सञ्चालन गरिनेछ।

१२. जातीय विभेद अन्त्यका लागि विभिन्न कार्यक्रमहरु ल्याइने छन्।

१३. नगरभित्र रहेका मुक्त हलियाहरुको लगत संकलन गरी क्रमश: आवश्यक पुर्नस्थापनाका कार्यक्रमहरु ल्याइनेछ।

१४. नगरलाई आगामी आर्थिक वर्ष बालमैत्री क्रियाकलाप अन्तर्गत बालश्रम मुक्त नगर घोषणा गर्न विभिन्न कार्यक्रमहरु विकास गरिनेछ । साथै वडाहरुलाई बालविवाह मुक्त गर्न विभिन्न अभियान सञ्चालन गरिने छ।

१५. माध्यमिक तहका विद्यालयहरुमा प्राविधिक तथा व्यावसायिक शिक्षा पद्धतिलाई प्राथमिकता दिईनेछ। माध्यमिक विद्यालयको कक्षा ११/१२ मा विज्ञान संकाय सञ्चालन गरिहेका विद्यालयहरुलाई आवश्यक सहयोग गरिनेछ।

१६. शिक्षकको शिक्षण सुधारका लागि पेसागत तालिम सञ्चालन गरिने छ । उत्कृष्ट शिक्षकहरुलाई आर्थिक वर्षको अन्तमा पुरस्कृत गर्ने कार्यक्रम ल्याइनेछ।

१७. उत्कृष्ट एक आधारभूत र एक माध्यमिक विद्यालयलाई सम्मान सहित पुरस्कृत गरिनेछ।

१८. शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यालयमा शैक्षिक तथा भौतिक लगायत अन्य आवश्यक अनुदान प्रदान गरिने छ । विद्यार्थीको अनुपातमा शिक्षक संख्या कमी रहेका विद्यालयहरुमा शिक्षक अनुदान उपलब्ध गराई शिक्षण सिकाइ क्रियाकलापमा सहजता प्रदान गरिनेछ।

१९. विद्यालयमा विद्यार्थीको प्रतिभा पहिचानका कृयाकलापहरु सञ्चालन गरिने छ ।
२०. यसै शैक्षिक सत्र देखि कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम हाम्रो दिपायल सिलगढी को पाठ्यपुस्तक विकास गरिनेछ ।
२१. गरिब, दलित तथा जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृतिको व्यवस्था गरिने छ ।
२२. नगरमा स्थापना हुन लागेको इन्जिनियरिङ्ग क्याम्पसलाई आवश्यक सहयोग गरी चाडै अध्ययन अध्यापनको वातावरण तयार गर्न पहल गरिनेछ ।
२३. बालविकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीहरुलाई नगरपालिकाबाट दिइदै आएको थप पारिश्रमिकलाई निरन्तरता दिइनेछ ।
२४. अनाथ, अति विपन्न र बालश्रमिक बालबालिकालाई आवासीय सुविधा सहितको पठनपाठनको व्यवस्था मिलाइनेछ ।
२५. विभिन्न दिवसको अवसरमा नगर, वडा तथा पालिका स्तरीय खेलकुद कार्यक्रम आयोजनाको व्यवस्था गरिनेछ ।
२६. खेलाडीको मनोबल उच्च राख्न विभिन्न विधाका उत्कृष्ट खेलाडीहरुलाई पुरस्कृत गरिनेछ ।
२७. विद्यालयमा खेल सामग्री वितरणको व्यवस्था मिलाइनेछ ।
२८. युवाहरुका लागि विभिन्न सीपमूलक तालिम दिइ व्यवसाय सुरु गर्न आवश्यक सामग्री, उपकरण अनुदान दिइनेछ ।
२९. सफल युवा व्यवसायीहरुलाई सम्मान तथा पुरस्कृत गरिनेछ ।
३०. विदेशबाट फर्केका युवाहरुले स्वदेशमै व्यवसाय गर्न आवश्यक सीप सहितको अनुदानको व्यवस्था गरिनेछ ।
३१. स्वास्थ्य सम्बन्धि अधिकारलाई सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवाहरु सवै नागरिक समक्ष पुर्याउन आवश्यक कार्यक्रमहरु संञ्चालन गरिने छ ।
३२. स्वास्थ्य सम्बन्धि सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने नीति अवलम्बन गरी विशेषज्ञ स्तरीय स्वास्थ्य शिविरलाई निरन्तरता दिइनेछ ।
३३. नगरमा स्थापित ल्याव प्रयोगशालाहरुलाई थप व्यवस्थित बनाउँदै लगिनेछ ।
३४. आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि औषधिको अभाव हुन दिइने छैन ।
३५. स्वास्थ्य संस्थाहरुमा आवश्यक उपकरण, औजारको लागि आवश्यक व्यवस्था गरिनेछ ।
३६. स्वास्थ्यकर्मीहरुको पेसागत विकासका लागि विभिन्न तालिमको आयोजना गरिनेछ ।
३७. विभिन्न सरुवा रोग नियन्त्रण, रोकथाम र उपचारका लागि आवश्यक व्यवस्था गरिने छ
३८. यस नगरपालिकाको वडा नं २ स्थित खाउलाआममा रहेको जग्गामा नगर अस्पताल स्थापनाका लागि भौतिक संरचना निर्माणको काम अगाडि बढाइने छ ।
३९.अति गरिब, असहायलाई निशुल्क एम्बुलेन्स उपलब्ध गरिने तथा अति गरिब परिवारको कुनै सदस्य मृत्यु भई नजिकको मसानघाट सम्म पुर्याउन ट्याक्टर आवश्यक पर्ने भए यस कार्यालयको ट्याक्टर निशुल्क उपलब्ध गराइदै आएकोमा सो कामलाई निरन्तरता दिइनेछ ।
४०. गर्भवती महिलाहरुलाई प्रसुति व्यथा लागि नगरभित्र नजिकको स्वास्थ्य संस्थासम्म पुर्याउन एम्बुलेन्स निशुल्क र जिल्ला बाहिर लैजानु परेमा एम्बुलेन्स भाडामा ५० प्रतिशत छुट दिइंदै आएकोमा सो कामलाई समेत निरन्तरता प्रदान गरिनेछ ।
४१. नगरभित्रका विद्यालयका विद्यार्थीहरुको वर्षको २ पटक स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइने छ ।
४२. ऐतिहासिक पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण तथा विकासमा जोड दिइनेछ ।
४३. मौलिक संस्कृतिको जगेर्ना गर्दै सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने वातावरण सिर्जना गर्ने नीति लिइनेछ ।

४४. नगर क्षेत्रमा रहेका परम्परागत मौलिक सांस्कृतिक सम्पदा तथा संस्कृति ( भुवा, रनपुतला, हुड्केली, लाखे नाच, गाइजात्रा,बाघजात्रा) लाई संवर्द्धन एवं संरक्षण गर्दै लगिने छ ।
४५. नगर क्षेत्र भित्र हुने धार्मिक पर्व (जात्रा) हरुको उचित संरक्षण गरिने छ ।
४६. पर्यटन प्रवर्द्धनका लागि सिलगढीमा स्थापित होमस्टेलाई आवश्यक सुदृढ गरिनेछ । साथै सिलगढीको पुरानो बजारलाई होमस्टे बजारका रुपमा रुपान्तरण गर्दै सांस्कृतिक शहरको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ ।
४७. सफा सडक, हरित सडक भन्ने कुरालाई हृदयङ्गम गरी सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्दै किनारामा वृक्षारोपण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
४८. संघ, प्रदेश र स्थानीय तीनै तहको सहयोगमा आगामी आ.व. देखि यस नगरमा सुरु हुन लागेको खानेपानी क्षेत्रगत सुशासन परियोजना मार्फत खानेपानी र सरसफाइका क्षेत्रमा व्यवस्थित र दिगो रुपमा कामहरु अगाडि बढाइनेछ । जसबाट यस क्षेत्रको खानेपानी र सरसफाइको समस्या समाधान हुनेछ । नगरपालिका क्षेत्रमा आवश्यक सिचाई एवं अन्य आवश्यक पूर्वाधार विकासका कार्यक्रमहरु ल्याइने छ । साथै समुदायलाई पानी सुरक्षित समुदाय र विद्यालयलाई तीन तारे वास पद्धति अवलम्बन गरी Green School, Clean School को अवधारणा अनुसार स्वच्छ विद्यालय वातावरण बनाउनका लागि आवश्यक पहल गरिनेछ ।
४९. नगरभित्र सरकारी तथा व्यक्तिगत घरहरु निर्माण हुंदा भवन निर्माण मापदण्डको पालना हुने गरी अनिवार्य रुपमा नक्सा पास गराएर मात्र घर निर्माण कार्य अघि बढ्ने पद्धतिको विकास गरिने छ ।
५०. नगर गौरवका योजना बनाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ । यस वर्ष सम्पन्न हुन नसकेका योजनाहरुलाई आगामी आर्थिक वर्ष प्राथमिकतामा राखिनेछ ।
५१. यस नगरपालिकाको वडा नं. २ को रानीपौवा नजिकैको स्थानमा व्यवस्थित बसपार्क निर्माण गर्न जग्गा प्राप्तिको प्रक्रिया सम्पन्न गरी नगर विकास कोषसंग आवश्यक ऋण लिई आवश्यक पूर्वाधारका काम अगाडि बढाइनेछ ।
५२. विकासमा जनताको अपनत्व बढाउन उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाहरुमा अनिवार्य रुपमा जनताहरुको श्रम तथा लागत सहभागिता गराउन पहल गरिने छ ।
५३. नगरलाई आकर्षक बनाउन एवं वातावरण स्वच्छताको लागि वृक्षारोपण कार्यक्रमहरु संञ्चालन गरिने छ । साथै साना उद्यान, नगरको अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।
५४. प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनका लागि विपद् व्यवस्थापन सम्बन्धि कार्यक्रमहरु सञ्चालन गरिने छ ।
५५. मनसुन जन्य विपद्का कारण खतरामा परेका घरहरु पुर्ननिर्माणका लागि अगाडि बढाइएका कामहरुलाई निरन्तरता दिई आगामी आ.व. मा सम्पन्न गर्ने लक्ष्य लिइने छ । भूकम्पमा परी समस्यामा परेका घरहरुको निर्माणका लागि संघ र प्रदेशको सहयोग लिई पुर्ननिर्माणका कामहरु अगाडि बढाइनेछ
५६. जलवायु  अनुकूलनमूलक कार्यक्रमहरु अघि बढाइनेछ ।
५७. नगरभित्रको फोहोरमैला विसर्जन केन्द्र (land fill Site) निर्माणका लागि जग्गा प्राप्ति गरी निर्माणका लागि आवश्यक कार्य गरिनेछ ।
५८. कर्मचारीहरुको मनोबल उच्च राख्न तथा निजहरुको कार्यको प्रोत्साहन गर्न कार्य सम्पादनका आधारमा पुरस्कृत गरिने छ ।
५९. जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक  तालिमहरु संचालन गर्नुका साथै कर्मचारी,जनप्रतिनिधिहरुलाइ विकास निर्माण कार्य एवं प्रशासनिक कार्यको अनुभव आदान प्रदान गर्न अवलोकन भ्रमणको व्यवस्था गरिने छ ।
६०. क्षमता विकास योजना बनाई कार्यान्वयन गरिनेछ ।
६१. नगरको पाश्र्व चित्र अद्यावधिक सहित नगरको आवधिक योजना बनाइ कार्यान्वयन गरिनेछ ।

६२. न्यायिक समिति बाट छिटो, छरितो र सर्वसुलभ न्याय सम्पादन गर्ने कार्यलाई विशेष जोड दिइनेछ । न्यायिक समितिका पदाधिकारी तथा सो कार्यमा संलग्न कर्मचारीको क्षमता विकासका लागि आवश्यक व्यवस्था मिलाइनुका साथै वडास्तरमा मेलमिलाप केन्द्र स्थापना गरी न्यायपूर्ण समाज निर्माण गरिने छ ।
६३. पारदर्शी, जवाफदेही, स्वच्छ र सदाचारयुक्त जनसहभागितामूलक सेवा प्रवाह गर्दै प्रभावकारी अनुगमन कार्यलाई निरन्तरता दिईनेछ ।
६४. निजी क्षेत्रलाई प्रोत्साहन गर्दै लगिनेछ ।
६५. भ्रष्टाचारमा शून्य सहनशिलताको नीति अवलम्बन गरिनेछ ।
६६. कार्यालयका लागि प्रशासकिय भवन निर्माण गर्न आवश्यक प्रक्रिया पूरा भएकोले निर्माण कार्य यसै आर्थिक वर्ष देखि सुरु गरी दुइ वर्षभित्र सम्पन्न गर्ने गरी काम अगाडि बढाइनेछ । आफ्नै वडा भवन नभएका वडाहरुको भवन निर्माण कार्यलाई क्रमश: अघि बढाइनेछ ।
६७. योजना तर्जुमा प्रक्रियालाई जनमुखी बनाउन नगरको विकासमा नागरिकको अपनत्व बढाउन टोल विकास संस्था गठन गर्ने कार्यलाई निरन्तरता दिई गठित टोल विकास संस्थाहरुको क्षमता विकास गर्दै लगिनेछ ।
६८. स्थानीय तहको वित्तीय अधिकार सम्बन्धी व्यवस्थाको पूर्ण रुपमा पालना गदै वित्तीय प्रशासन सुधारका लागी व्यावसायिक, दक्ष र सुदृढ प्रशासनको विकास गर्ने र राजश्व परिचालनको दायरा बढाउन राजश्व सम्बन्धी अध्ययन गरिने छ । करका दायरा फराकिलो गरी न्युनतम करको दरबाट बढी राजश्व संकलन गर्ने नीति अवलम्बन गरिनेछ ।
६९. वडा स्तरवाट राजश्व संकलन कार्यलाइ प्रभावकारी वनाइनुका साथै सो सम्वन्धमा कर्मचारी र जनप्रतिधिहरुको क्षमता अभिवृद्धि गरिनेछ ।
७०. आन्तरिक आयमा अपेक्षाकृत सुधार गरिने छ । राजश्व सुधार कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ ।
७१. नगरको आन्तरिक आय सुदृढीकरणका लागि आवश्यक पहल गरिनेछ ।
७२. सञ्चार क्षेत्रको विकास तथा प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
७३. सबै वडामा सञ्चार प्रविधिको विकासका लागि आवश्यक कदम अगाडि बढाइनेछ ।
७४. विद्युतीय सुशासन सम्बन्धी क्रियाकलापहरु अगाडी बढाइने छ ।

## ११. यस चौमासिकका राम्रा अभ्यासहरु

- ❖ पिपल्ला बजारबाध नगर प्रमूखज्यूको नेतृत्व र नगरप्रहरी परिचालन मार्फत समूदायको अगुवाईमा सरसफाईको अबस्था सूदृ९ ५ ।
- ❖ **आधुनिक सुबिधायुक्त बसपार्क निर्माणको प्रकर्या प्रारम्भ भएको** भई जग्गा खरिद भएको ५।
- ❖ वडा नं.द्द, छ, ट र वडा नं. ड बालश्रम मूक्त वडा शेषणा
- ❖ **खेलकुद मैदान निर्माणको प्रक्रियामा**
- ❖ **नगर बस निजी क्षेत्र सगको समन्वयमा सञ्चालन रहेको**

## १२. आ.ब. ०८०।०८१ दोश्रो चौमासिक अबधीमा भोग्नु परेका समस्याहरू

- ➢ ● गरिबी र बेरोजगारी
- ➢ बसाई सराई गरेर बाहिर जाने धेरै र नगरमा निजी लगानी अती न्युन हुनु ।

- ➢ आन्तरिक आय न्युनभएका कारण जनताका सबै आबस्यकता सम्बोधन गर्न कठिनाई
- ➢ नागरिकको आयोजना तथा कार्यक्रममा लागत सहभागिता र अपनत्व बढ्न नसक्नु
- ➢ फोहर ब्यबस्थापनको दीगो समाधान छैन
- ➢ आर्थिक सहयोग, स्रोतसाधन र योजना गरिबमुखी बनाउन कठिनाइ

## १३. सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव

- नगरपालिकाले बनाएका नीति अनुसार शाखाले बजेट प्रस्ताव गर्दा कार्यक्रम समाबेश नभएकोले नीति बमोजिम शाखा संग छलफल गरी कार्यक्रमको अन्तिम रुप दिनु पर्ने
- अनुगमन गरी प्रतिबेदन समेत समाबेश गरी सुझावहरु कार्यान्वयनका लागि पहल गर्नु पर्ने
- पदाधिकारीहरुले समीक्षा, सार्बजनिक सुनूवाई, सामाजिक परीक्षण जस्ता कार्यक्रमहरुलाई महत्व दिई समय निर्धारण गरी उपस्थिति जनाउनु पर्ने ।
- दातृ निकाय समेतको सहयोगमा सञ्चालन भएको बहुक्षेत्रीय पोषण योजना कार्यक्रम तर्फ प्राप्त जम्मा संघीय मामिला तथा सामान्य प्रशासन अर्न्तगत प्राप्त बजेटपुर्ण निकासा नभइ कार्यक्रम अगाडि बढाउन नसकिएको ।
- खानेपानी नियमित भएका स्वास्थ्यसंस्थाहरु ६ वटामात्र भएकोले सबैमा पुर्‍याउन पहल गर्नु पर्ने
- स्सम्भब भएसम्म प्राबिधिक कर्मचारीहरुलाई वडा सचिवको जिम्मा नदिए प्राबिधक काम सहज हुने
- महिला बालबालिका तर्फ अपांग परिचय पत्र सामाजिक सुरक्षा प्राप्त गर्ने नै चाहिने प्रेसर आउने गरेको

### १५. नगर उपप्रमुख कलाबती महर साउंदको सुझाव

- समस्यामा सबै मिलेर जाउं र सुधार गरौ अबस्य सकारात्मक परिबर्तन आउंछ

### १६. कार्यक्रमका प्रमुख अतिथी नगर प्रमुख श्री बाजि सिंह खड्काको सुझाव

- राम्राकुरालाई ग्रहण गरी सुझाव दिएर समाधान तर्फलागौं
- बिभिन्न प्रकारका मुल्यांकन तथा स्वमुल्यांकनमा हाम्रो नगरपालिका उत्कृष्ट बनाउन सबै लागौं
- सबैलागेर कपासबाट सम्बृद्धि खोजौं भन्दै कार्यक्रमको समापन

**१८. धन्यबाद सहित समापन:** कार्यक्रमको अन्त्यमा प्रमुख नगर प्रमूखज्यूले उठेका समस्या तथा राम्रा कामहरुको सम्बन्धमा छलफलमा उठेका बिषयहरुको टिप्पणी सहित आगामी दिनमा कार्ययोजना बनायर ब्यबस्थित रुपले समीक्षा कार्यक्रम आयोजना गर्नु पर्ने र सबै पदाधिकारी र शाखा प्रमूखले महत्व दिएर कार्यक्रममा उपस्थित भएर अनिबार्यरुपले प्रस्तुति सहित कार्यक्रममा सहभागि भई सहयोग गर्नू पर्ने धारणा राख्दै कपास उत्पादन बढायर आर्थिक सम्बृद्धि मा लागौं भन्नु भएको थियो र कार्यक्रमको समापन गर्नु भएको थियो ।

९.कायक्रमका केही तस्विरहरु

प्रतिबेदक

हस्ताक्षर:





रमेशचन्द्र जोशी
सामाजिक बिकास अधिकृत,दिपायल सिलगढी नगरकार्यपालिका कार्यालय, डोटी
२०८१।०३।३१

दिपायल सिलगढी न.पा.

आ.ब. २०८०।०८१ को तेश्रो चौमासिक (मंशिर-फाल्गुण) सेवा प्रवाह, आयोजना र बजेट खर्च सम्वन्धी समीक्षा कार्यक्रमको संक्षिप्त प्रतिबेदन

# तेश्रो चौमासिक समीक्षा

## आ.ब.२०८०।०८१

## २०८१।०३।३१


प्रस्तोता
रमेशचन्द्र जोशी
सामाजिक विकास अधिकृत

1

| Population of DS municipality | | | |
|---|---|---|---|
| ward | male | female | total |
| 1 | 1558 | 2278 | 3836 |
| 2 | 1650 | 2067 | 3717 |
| 3 | 1457 | 1998 | 3455 |
| 4 | 2658 | 2138 | 4796 |
| 5 | 1628 | 2117 | 3745 |
| 6 | 1717 | 1524 | 3241 |
| 7 | 1443 | 2064 | 3507 |
| 8 | 1644 | 2170 | 3814 |
| 9 | 1714 | 2143 | 3857 |
| total | 15469 | 18499 | 33968 |

2

POPULATION OF DS MUNICIPALITY:2078 CBS





3

| नगरपालिकाको आ.ब.०८०।०८१ को तेश्रो चौमासिक सम्मको आय बजेट अबस्था | | | |
|---|---|---|---|
| स्रोत | प्रस्ताबित रकम | वास्तविक रकम | प्रतिशत |
| संघीय सरकार | ४५१३९५००० | ४३०७१५३८० | ९५.४२ |
| प्रदेश सरकार | ३२१८०००० | २४४५८५८९ | ७६.०१ |
| राजश्व बांडफांड | ११२५३७००० | ९७८१४२३६ | ८६.९२ |
| आन्तरिक स्रोत | ६९९२६९०० | ६५१८२२३५ | ८२.०२ |
| जम्मा | ६६,६०,३८,९०० | ६१,८१,७०,४४१ | ९२.८१ |
| आषाढ मसान्त सम्मको मौज्दात | | ५,४६,७२,६४० | |

| तेश्रो चौमासिक सम्मको बिनियेजन, खर्च / मौन्दातको अबस्था 2080.081 | | | | |
|---|---|---|---|---|
| शिर्षक | बिनियोजन | खर्च रमक | खर्च प्रतिशत | मौज्दात रकम रु. |
| चालु | ४४९४८८९०० | ३७०२६८६१३ | ८२.३८ | ७९२२०२८६ |
| पुंजीगत | २१६५५०००० | १५५४७४६५४ | ७१.८ | ६१०७५३४६ |
| जम्मा | ६६,६०,३८,९०० | ५२,५७,४३,२६७ | ७८.९३ | १४,०२,९५,६३२ |

5

तेश्रो चौमासिक सम्मको बिनियेजन, खर्च / मौज्दातको अबस्था 2080.081




6

## प्रदेश तर्फ

**प्रदेश सम्पुरक तर्फ**

- स्वीकृत योजना संख्या: २ वटा
- सम्झौता भएको योजना संख्या: १ वटा
- योजनाको नाम: १. प्रदेश प्रहरी तालिम केन्द्र देखि खुल्लेक सडक(निर्माण सम्पन्न)
  २. दिपायल पन्तोला सडक निर्माण(टेन्डर नभयको)

**प्रदेश विशेष**

- स्वीकृत योजना संख्या: १ वटा
- सम्झौता भएको योजना संख्या: १ वटा
- योजनाको नाम: दिल्पेश्वर मा.बि भवन निर्माण (निर्माण सम्पन्न)

## संघ तर्फ

**संघ सम्पुरक तर्फ**

- स्वीकृत योजना संख्या: ३ वटा
- सम्झौता भएको योजना संख्या: ३ वटा
- योजनाको नाम: १. प्रशासनिक भवन निर्माण (बहुबर्शिया-निर्माण कार्य भईरहेको)
  २. रातुली पाकरी सडक निर्माण (निर्माण सम्पन्न )
  ३.कभर्डहल निर्माण (बहुबर्शिया- निर्माण कार्य भईरहेको )

**संघ विशेष**

- स्वीकृत योजना संख्या: २ वटा
- सम्झौता भएको योजना संख्या: २ वटा
- योजनाको नाम: नगर अस्पताल आयोजना र सुनादेबी मा.बि को भवन निर्माण (दुवै बहुबर्शिया भएका निर्माण क्रममा रहेका)

## नगर स्तरीय योजनाहरु

- जम्मा योजना संख्या : १२३
- सम्झौता भएको संख्या : १२३
- सम्पन्न भएका योजना संख्या : १२२

**मिति २०८१ चैत्र महिनामा सम्पदन्न सार्बजनिक सुनुवाइबाट आएका सुझावहरु**

- एयरपोर्ट खातीवाडा सडक कहिले बन्छ छिटो बनोस
- कृषकले मल नियमित पाउनु पर्‍यो
- कृषीशाखाको बितरण प्रणाली पारदर्शी बनाउनु पर्‍यो
- स्वास्थ्य सस्थामा सरकारले निशुल्क दिन औषधीको अभाव नहोस
- महिलाका लागि सिपमूलक तालिम अभाव भो

16

## केही असल अभ्यासहरु

- पिपल्ला बजारबाट नगर प्रमुखज्युको नेतृत्व र नगरप्रहरी परिचालन मार्फत समुदायको अगूवाईमा सरसफाईको अबस्था सुदृढ छ ।
- **आधुनिक सुबिधायुक्त बसपार्क निर्माणको प्रकर्या प्रारम्भ भएको भई जग्गा खरिद भएको छ।**
- **वडा नं.२, ५, ६ र वडा नं. ८ बालश्रम मुक्त वडा घोषणा**
- **खेलकुद मैदान निर्माणको प्रक्रियामा**
- **नगर बस निजी क्षेत्र सगको समन्वयमा सञ्चालन रहेको**

17

## आगामी योजना र कार्यक्रम

- खानेपानी क्षेत्रगत सुशासन कार्यक्रम सञ्चालनभइ सबै घरधुरीमा पानी पुग्ने
- आधुनिक कार्यालय भवन निर्माण हुने
- ब्यवस्थित बसपार्क निर्माणहूने ।

18

टेक राज मनाली रोजगार संयोजक दि.सि.न.पा
जयलक्ष्मी कुमारी जोशी वडा सचिव वडा नं. ७
हरि सुन्दर श्रेष्ठ " ६
मान ब. कडायत " ८
कुलराम सिंचनमगर्जी " ५
दिपक राज जोशी " १
सुनिल भण्डारी सब इन्जिनियर
शिव ब. जोशी इन्जिनियर
हिम्मत बोहरा खाने प्राविधिक, खाने शाखा
हिरा कुमार खड्का नगरपालिका सचिवालय
पार्वती थापा - वडा नं. २ सा.क.अ.
राधिका भण्डारी - misopcher BSMP
ज्ञानुमाया लिम्बु (गुरुङ) महिला तथा बालबालिका शाखा
सरिता खड्का - वडा नं. ९ स.क.अ.
तेजराज भट्ट ना.सु. दि.सि.न.पा.
कलावती कठायत का.पा. दि.सि.न - २ सदस्य
रोशनचन्द्र जोशी सा.वि. को डिसि नर्या
लोकेन बोहरा बाखश: डिसि न खर्क
मालिका प्र. आचार्य से.न्सा. दि.सि.न.पा.
लाल ब. खड्का उ.बि.स दि.सि.न.पा
गोविन्द खड्का नागरिक समाज
जुनकेरी नेपाली - का.सि.
बिमला शाह मल्ल - - का.सि.
जुनशायमाली - का.सि.
लक्ष्मीविष्ट - का.सि.

आज मिति २०८१ साल असार ३० गते आइतवारको दिन बिहान ८ बजे दिपायल सिलगढी न.पा.का नगर प्रमुख श्री बाजि सिंह खड्का (विजय)ज्यूको अध्यक्षतामा आ.व. २०८०/०८१ को तेस्रो चौमासिक अवधीको प्रगती समीक्षा कार्यक्रम आयोजना गर्दै निम्न बमोजिमको उपस्थिति निम्नानुसार सम्पन्न भयो।

उपस्थिति

| हस्ताक्षर | नाम थर | पद/कार्यालय |
|---|---|---|
| | श्री बाजि सिंह खड्का | नगर प्रमुख |
| | श्री कलावती महर साउँद | नगर उप प्रमुख |
| | श्री शंकर सुचिकार | प्रमुख प्रशासकीय अ. |
| | श्री कृष्ण ब. साउँद | वडा अध्यक्ष वडा नं १ |
| | श्री राजेन्द्र खड्का | " " " २ |
| | श्री नारायण सिं साउँद | " " " ३ |
| | श्री अशोक कुमार सोप | " " " ४ |
| | श्री गणेश भण्डारी | " " " ५ |
| | श्री नरेश मलासी | " " " ६ |
| | श्री कर्ण ब. विष्ट | " " " ७ |
| | श्री दशरथ बलायर | " " " ८ |
| | श्री हर्क ब. साउँद | " " " ९ |
| | श्री पार्वती पाण्डे | का. पा. सदस्य |
| | श्री आङ्ग खड्का | का. पा. सदस्य |
| | श्री मिना कठायत | का. पा. सदस्य |
| | श्री मेघ नाथ जोशी | को. वा. अध्यक्ष २ |
| | श्री चन्द्रा नेपाली | को. वा. उपप्रमुख |
| | श्री प्रतिमाया बोहरा (मलासी) | का.पा. सदस्य |
| | श्री चन्द्रा नेपाली | का.पा. सदस्य |
| | श्री राजु वि.क. | का.पा. सदस्य |
| | श्री राजु ब. खड्का | आधिकृत दि.सि.न.पा. |
| | टेक प्रसाद ओझा | (ओ. ले. प |
| | लोकेन्द्र राज जोशी | - वडा सचिव-४ |
| | सत्यसुन्दर राजभण्डारी | आधिकृत प्रमुखमा सक्षिा |
| | तेज ब. खड्का | अप्रे लेखा शाखा |

TRA::



# दिपायल सिलगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, डोटी
कार्यालयको कोड : ८०७७१४०१३००

### आय व्ययको बिबरण

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८१/०३/२८

**आय**

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | ४५,१३,९५,०००.०० | ४३,०७,१५,३८०.०० | ९५.४२ | २,०६,७९,६२०.०० |
| १३३११ समानिकरण अनुदान | ११,८२,००,०००.०० | १०,९९,२६,०००.०० | ९३ | ८२,७४,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | २८,८१,९५,०००.०० | २८,७२,५०,०००.०० | ९९.६७ | ९,४५,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १,७०,००,०००.०० | १,५०,००,०००.०० | ८८.२४ | २०,००,०००.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | १,५५,००,०००.०० | १,२०,५५,५२०.०० | ७७.७८ | ३४,४४,४८०.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,२५,००,०००.०० | ६४,८३,८६०.०० | ५१.८७ | ६०,१६,१४०.०० |
| प्रदेश सरकार | ३,२१,८०,०००.०० | २,४४,५८,५८९.०० | ७६.०१ | ७७,२१,४११.०० |
| १३३११ समानिकरण अनुदान | १,०१,४४,०००.०० | १,०१,४४,०००.०० | १०० | ०.०० |
| १३३१२ शसर्त अनुदान चालु | ५,५०,०००.०० | २,१५,०००.०० | ३९.०९ | ३,३५,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ४९,००,०००.०० | ४८,०८,९७४.०० | ९८.१४ | ९१,०२६.०० |
| १३३१४ विषेश अनुदान चालु | ५०,००,०००.०० | ४९,९३,०४८.०० | ९९.८६ | ६,९५२.०० |
| १३३१६ समपुरक अनुदान चालु | ०.०० | ०.०० | ० | ०.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,१५,८६,०००.०० | ४२,९७,५६७.०० | ३७.०९ | ७२,८८,४३३.०० |
| राजस्व बाडफाड | ११,२५,३७,०००.०० | ९,७८,१४,२३६.३४ | ८६.९२ | १,४७,२२,७६३.६६ |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ५,७५,०००.०० | २५,२०,५४३.०० | ४३८.३५ | (१९,४५,५४३.००) |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १०,६९,२३,०००.०० | ६,२१,६७,५०६.९७ | ५८.१४ | ४,४७,५५,४९३.०३ |
| ११४२१ बाँडफाँड भ०ई प्राप्त हुने अन्त:शुल्क | ०.०० | २,८४,९४,७०३.८६ | २८४९४७०३८६ | (२,८४,९४,७०३.८६) |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ३७,०७,०००.०० | ३३,८३,५१२.५१ | ९१.२७ | ३,२३,४८७.४९ |
| ११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ५,०००.०० | ०.०० | ० | ५,०००.०० |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ३७,०००.०० | ६८,९७०.०० | १८६.४१ | (३१,९७०.००) |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १२,९०,०००.०० | ११,७९,०००.०० | ९१.४ | १,११,०००.०० |
| अन्तरिक श्रोत | ६,९९,२६,९००.०० | ६,५१,८२,२३५.६८ | ९३.२१ | ४७,४४,६६४.३२ |
| ११३१३ सम्पती कर | २२,००,०००.०० | १०,९२,४५३.९२ | ४९.६६ | ११,०७,५४६.०८ |
| ११३१४ भुमिकर/मालपोत | १८,७०,०००.०० | १४,८८,३२०.२५ | ७९.५९ | ३,८१,६७९.७५ |
| ११३१७ वहाल कर | १३,२०,०००.०० | ११,०५,५२९.४६ | ८३.७५ | २,१४,४७०.५४ |
| ११३१८ वहाल विटौरी कर | १०,०००.०० | ०.०० | ० | १०,०००.०० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | ५५,०००.०० | ०.०० | ० | ५५,०००.०० |
| [illegible] भक्तानी गर्ने | ०.०० | २५,०००.०० | २५००००० | (२५,०००.००) |

**व्यय**

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| चालु | ४४,९४,८८,९००.०० | ३७,०२,६८,६१३.५१ | ८२.३८ | ७,९२,२०,२८६.४९ |
| २१११११ पारिश्रमिक कर्मचारी | ७,५८,४१,९००.०० | ४,४१,५९,७९४.२१ | ५८.२३ | ३,१६,८२,१०५.७९ |
| २११२१ पोशाक | १४,५०,०००.०० | १२,०५,०००.०० | ८३.१ | २,४५,०००.०० |
| २११२२ खाद्यान्न | ४,९२,०००.०० | १,२८,६३०.१८ | २६.१४ | ३,६३,३६९.८२ |
| २११३१ स्थानीय भत्ता | २९,२८,०००.०० | २५,५८,२५४.०० | ८७.३७ | ३,६९,७४६.०० |
| २११३२ महंगी भत्ता | १७,२४,०००.०० | १६,६७,४६७.०० | ९६.७२ | ५६,५३३.०० |
| २११३३ फिल्ड भत्ता | १०,००,०००.०० | १०,००,०००.०० | १०० | ०.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | १४,१६,०००.०० | १०,२०,५००.०० | ७२.०६ | ३,९५,५००.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १,५०,०००.०० | ०.०० | ० | १,५०,०००.०० |
| २११३९ अन्य भत्ता | ८,३०,०००.०० | १,९९,९९०.०० | २४.१ | ६,३०,०१०.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ९,५०,०००.०० | ६,७७,२५०.०० | ७१.२९ | २,७२,७५०.०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | ६१,००,०००.०० | ५९,८६,५००.०० | ९८.१४ | १,१३,५००.०० |
| २११४९ पदाधिकारी अन्य भत्ता | ३०,००,०००.०० | २८,९८,०००.०० | ९६.६ | १,०२,०००.०० |
| २१२१४ कर्मचारी कल्याण कोष | ५०,००,०००.०० | ५०,००,०००.०० | १०० | ०.०० |
| २२१११ पानी तथा बिजुली | १३,६९,५००.०० | १२,६७,९४१.०० | ९२.५८ | १,०१,५५९.०० |
| २२११२ संचार महसुल | ७,२५,०००.०० | ३,४५,२५६.०० | ४७.६२ | ३,७९,७४४.०० |
| २२२११ इन्धन (पदाधिकारी) | १३,००,०००.०० | १०,४१,६८२.०० | ८०.१३ | २,५८,३१८.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ७१,५०,०००.०० | ६७,०५,७०३.६६ | ९३.७९ | ४,४४,२९६.३४ |
| २२२१३ सवारी साधन मर्मत खर्च | ७१,९८,०००.०० | ५२,३०,४९१.०० | ७२.६७ | १९,६७,५०९.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ९,०८,०००.०० | ५,९१,२१०.०० | ६५.११ | ३,१६,७९०.०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५,५५,०००.०० | ४,८८,५२७.०० | ८८.०२ | ६६,४७३.०० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ५,१२,०००.०० | ३,३५,९२९.०० | ६५.६१ | १,७६,०७१.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ४१,०३,०००.०० | ३६,५६,२८८.०० | ८९.११ | ४,४६,७१२.०० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ३,००,०००.०० | १,२७,२५०.०० | ४२.४२ | १,७२,७५०.०० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | -२,००,०००.०० | ५४,७५०.०० | २७.३८ | १,४५,२५०.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १७,५५,०००.०० | १३,३८,८८२.०० | ७६.२९ | ४,१६,११८.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ४,००,०००.०० | ९९,६५६.०० | २४.९१ | ३,००,३४४.०० |
| २२४१३ करार सेवा शुल्क | ३,८९,०३,२२६.०० | ३,८१,२६,७७०.३५ | ९८ | ७,७६,४५५.६५ |
| २२४१४ सरसफाईसेवा शुल्क | ६,३०,०००.०० | ५,६४,२७९.०० | ८९.५७ | ६५,७२१.०० |
| २२४१९ अन्य सेवा शुल्क | ३,००,०००.०० | ३,००,०००.०० | १०० | ०.०० |

# दिपायल सिलगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, डोटी
कार्यालयको कोड : ८०७७१४०१३००

### आय व्ययको बिबरण

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८१/०३/२८

**आय**

| | | | | |
|---|---|---|---|---|
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ०.०० | १,६३०.०० | १६३००० | (१,६३०.००) |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ३५,००,०००.०० | १८,८७,९९०.०० | ५३.९४ | १६,१२,०१०.०० |
| १४२११ कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ११,०००.०० | ०.०० | ० | ११,०००.०० |
| १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | १२,००,०००.०० | ६,८०,७५४.८५ | ५६.७३ | ५,१९,२४५.१५ |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | ०.०० | ०.०० | ० | ०.०० |
| १४२१८ विद्युत सेवा शुल्क | ०.०० | ४००.०० | ४०००० | (४००.००) |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ०.०० | ४५०.०० | ४५००० | (४५०.००) |
| १४२२१ न्यायिक दस्तूर | १,१००.०० | ०.०० | ० | १,१००.०० |
| १४२२४ परीक्षा शुल्क | ३३,०००.०० | १२,५००.०० | ३७.८८ | २०,५००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | १,२१,०००.०० | ४,७०,१८०.८० | ३८८.५८ | (३,४९,१८०.८०) |
| १४२४१ पार्किङ्ग शुल्क | ४,००,०००.०० | ६८,९००.०० | १७.२३ | ३,३१,१००.०० |
| १४२४२ नक्सापास दस्तुर | १,१०,०००.०० | ५४,९३८.५० | ४९.९४ | ५५,०६१.५० |
| १४२४३ सिफारिश दस्तुर | ६,००,०००.०० | ७,३२,२८९.९३ | १२२.०५ | (१,३२,२८९.९३) |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ३,५०,०००.०० | ३,५७,११६.९३ | १०२.०६ | (७,११६.९३) |
| १४२४५ नाता प्रमाणित दस्तुर | ६०,०००.०० | ६८,४१३.०० | ११४.०२ | (८,४१३.००) |
| १४२४९ अन्य दस्तुर | ८,२०,०००.०० | ४,१८,७५३.०० | ५१.०७ | ४,०१,२४७.०० |
| १४२५३ व्यवसाय रजिष्ट्रेशन दस्तुर | ०.०० | ११,१००.०० | १११०००० | (११,१००.००) |
| १४२५४ रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ३,३००.०० | ०.०० | ० | ३,३००.०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ५०,०००.०० | ३२,५१०.०० | ६५.०२ | १७,४९०.०० |
| १४५२९ अन्य राजस्व | ०.०० | ५००.०० | ५०००० | (५००.००) |
| १४६११ व्यवसाय कर | २५,२५,०००.०० | २०,०९,७८४.७० | ७९.५९ | ५,१५,२१५.३० |
| १५१११ बेरूजू | २७,५००.०० | ०.०० | ० | २७,५००.०० |
| ३२१२२ बैंक मौज्दात | ५,४६,६०,०००.०० | ५,४६,७२,६४०.३४ | १००.०२ | (१२,६४०.३४) |
| जम्मा | ६६,६०,३८,९००.०० | ६१,८१,७०,४४१.०२ | ९२.८१ | ४,७८,६८,४५८.९८ |

**व्यय**

| | | | | |
|---|---|---|---|---|
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १६,४८,०००.०० | ६,४७,४१०.०० | ३९.२८ | १०,००,५९०.०० |
| २२५२२ कार्यक्रम खर्च | ५,९२,८९,०००.०० | ४,२९,०१,४६८.०० | ७२.३६ | १,६३,८७,५३२.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | १४,००,०००.०० | १३,४७,००१.०० | ९६.२१ | ५२,९९९.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| २२६१२ भ्रमण खर्च | ४०,९७,०००.०० | ३९,०१,७७५.०० | ९५.२३ | १,९५,२२५.०० |
| २२७११ विविध खर्च | ३५,९४,५००.०० | ३४,५४,८६७.०० | ९६.१२ | १,३९,६३३.०० |
| २२७२१ सभा सञ्चालन खर्च | ७,८०,०००.०० | ७,७२,३४०.०० | ९९.०२ | ७,६६०.०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | १९,१६,४१,०००.०० | १७,३२,१२,८७६.११ | ९०.३८ | १,८४,२८,१२३.८९ |
| २७१११ सामाजिक सुरक्षा | ५५,५२,०००.०० | ५४,६७,९०१.०० | ९८.४९ | ८४,०९९.०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | १५,७०,०००.०० | १५,५९,४००.०० | ९९.३२ | १०,६००.०० |
| २७२११ छात्रवृत्ति | ३४,९९,०००.०० | २८,५१,८००.०० | ८१.५ | ६,४७,२००.०० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ३५,१०,०००.०० | २५,४४,१६४.०० | ७२.४८ | ९,६५,८३६.०० |
| २७२१३ औषधीखरिद खर्च | ४१,१७,७७४.०० | ३७,४७,१११.०० | ९१ | ३,७०,६६३.०० |
| २८१४१ जग्गाको भाडा | ५,००,०००.०० | २,९७,०००.०० | ५९.४ | २,०३,०००.०० |
| २८१४२ घरभाडा | ६,००,०००.०० | ६,००,०००.०० | १०० | ०.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | २,००,०००.०० | १,८७,५००.०० | ९३.७५ | १२,५००.०० |
| पूंजीगत | २१,६५,५०,०००.०० | १५,५४,७४,६५४.०० | ७१.८ | ६,१०,७५,३४६.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ५,०७,०८,०००.०० | ३,९९,२४,३१७.०० | ७८.७३ | १,०७,८३,६८३.०० |
| ३११२२ मेशिनरी तथा औजार | २२,८०,०००.०० | २०,७३,४७४.०० | ९०.९४ | २,०६,५२६.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ३,५०,०००.०० | ३,४१,७४२.०० | ९७.६४ | ८,२५८.०० |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | ८,००,०००.०० | ८,००,०००.०० | १०० | ०.०० |
| ३११५१ सडक तथा पूल निर्माण | ७,०४,७२,०००.०० | ४,३०,६८,५२७.०० | ६१.११ | २,७४,०३,४७३.०० |
| ३११५३ विद्युत संरचना निर्माण | १३,००,०००.०० | १२,९०,६७३.०० | ९९.२८ | ९,३२७.०० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | १०,००,०००.०० | ९,७०,६९२.०० | ९७.०७ | २९,३०८.०० |
| ३११५५ सिंचाई संरचना निर्माण | ६६,००,०००.०० | २१,६१,८४९.०० | ३२.७६ | ४४,३८,१५१.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | १,४३,९०,०००.०० | ३४,०७,९७८.०० | २३.६८ | १,०९,८२,०२२.०० |
| ३११५८ सरसफाई संरचना निर्माण | १६,५०,०००.०० | ११,९९,९३१.०० | ७२.७२ | ४,५०,०६९.०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | १,४७,००,०००.०० | १,२७,६३,६८०.०० | ८६.८३ | १९,३६,३२०.०० |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १७,००,०००.०० | ९,८५,६२०.०० | ५७.९८ | ७,१४,३८०.०० |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ३,००,०००.०० | २,८९,८६२.०० | ९६.६२ | १०,१३८.०० |
| ३१४११ जग्गाप्राप्ति खर्च | ५,०३,००,०००.०० | ४,६१,९६,३०९.०० | ९१.८४ | ४१,०३,६९१.०० |
| जम्मा | ६६,६०,३८,९००.०० | ५२,५७,४३,२६७.५१ | ७८.९३ | १४,०२,९५,६३२.४९ |